**नगर सभाका सभा अध्यक्ष ज्यू**

**नगर सभाका सदस्य ज्यूहरु,**

१. संविधान कार्यान्वयनका महत्वपूर्ण आधारहरु निर्माण गरी मूलतः सङ्क्रमणकाल समाप्त भई स्थायित्व विकसित भएको सुखद सन्दर्भमा आज फेरी यस गरिमामय सभामा चालू आर्थिक बर्षको समिक्षा सहित संशोधित कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई खुशी लागेको छ ।

२. जनताका प्रतिनिधि मार्फत राज्य संचालन गर्ने संघिय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुरयाउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. सचेत, समुचित र संस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको उपमहानगरपालिका नगरवासीको आधारभूत हक तथा अधिकारप्रति सचेत र सदृश्य रहदै **"सफा हरियाली, फूलैफूलको सहर हेटौडा" भन्ने सोचका साथ नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा प्रदेश सरकारको "स्वस्थ, सुसंस्कृत र सुखी जनताः, समाजवाद उन्मुख समृद्ध प्रदेश"** को राष्ट्रिय तथा प्रादेशिक आकांक्षा पूरा गर्ने अभियानप्रति पूर्ण प्रतिबद्ध छ ।

४. राष्ट्रिय हित र स्वाभिमानको संरक्षण एवं प्रबर्द्धन गर्ने तथा जनताका समस्याहरु पहिचान गरी सम्बोधन गर्ने जनताका प्रतिनिधि जनप्रतिनिधि नै हुन भन्ने विश्वास बलियो हुंदै गएको छ । जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन एवम जनताको सुखदुःखमा साथ दिने गरी सशक्त बन्द गईरहेको छ । जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनउत्तरदायी सरकार, भ्रष्टाचारमुक्त, सभ्य र सुसंस्कृत एवम कर्तब्यनिष्ठ समाज निर्माण गर्न स्थानीय सरकार दृढ छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष चालू आर्थिक बर्षमा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरुको प्रगती समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. गरीब परिवारहरुको पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्यक्रमका लागि नगरका सम्पूर्ण वडाहरुमा तथ्यांक संकलनका लागि गणकहरु खटाई तथ्यांक संकलन कार्य प्रारम्भ भैसकेको र उक्त तथ्यांक समेतलाई आधार लिई वडाहरुको जनसंख्या, क्षेत्रफल, खर्चको आबश्यकता, राजश्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारमा बस्तुगत र बैज्ञानिक ढांचा तयार गरी सन्तुलित किसिमले विकास गर्ने उद्धेश्यका साथ सबै प्रकारका स्रोतहरुको अद्यावधिक आंकडा सहितको बस्तुस्थिति झल्कने सिटी प्रोफाइल तयारीका लागि प्रकृया अगाडी बढाइएको छ ।

६. प्रचलित कानून बमोजिम आर्थिक ऐन २०७६ तथा नेपाल सरकारद्धारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व अभिबृद्धिका नयां क्षेत्र र दायरा फराकिलो पार्ने नीतिगत निर्णय तथा उद्योग संघ हेटौडाको सहजीकरणवाट हेटौडा औद्योगिक क्षेत्र भित्रका करिव ६२ वडा उद्योगहरुले यस कार्यालयमा ब्यवसाय दर्ता गरी नेपालमा पहिलो पटक स्थानीय सरकारसंग सहकार्यको कार्य थालनी गरेका छन ।

७. उपमहानगरपालिकाको राजश्व संकलन कार्यलाई प्रविधी मैत्री वनाउने नीति अनुसार हाल ११ वटा वडामा कम्प्यूटर विलिङ मार्फत् कार्य संचालन भईरहेको छ ।

८. हेटौडा १० स्थित यस कार्यालयको स्वामित्वमा रहेको करिव ४३० पसल कवल र खाली जग्गा भाडामा लिई व्यवसाय गरिरहेका व्यवसायीहरुवाट नियमित रुपमा भाडा रकम संकलन भईरहेको छ ।

९. आन्तरिक आय अभिवृद्धीका लागि विगत देखि ठेक्का व्यवस्थावाट संकलन हुदै आएको कवाडी कर, सार्वजनिक शौचालय र सिमेण्ट विक्री कर हाल ठेक्का सम्झौता भई ठेकेदार मार्फत कर संकलन भईरहेको छ भने सडक पूर्वाधार मर्मत सम्भार शुल्क, नदीजन्य पदार्थ उत्खनन् तथा विक्री ठेक्का र विज्ञापन कर आय शिर्षकमा विविध कारणले ठेक्का सम्झौता हुन नसकेकोले ठेक्का प्रकृया अडाडी वढिरहेको र अन्तरिक व्यवस्थाको लागि अमानतवाट राजश्व संकलन भईरहेको छ ।

१०. नगर क्षेत्रका विभिन्न कारणवाट व्यवसाय दर्ता हुन छुट भएका व्यवसायीहरुलाई करको दायरामा ल्याउन गत वर्षवाट व्यवसाय कर संकलन टोली परिचालन गरिएकोमा २०७६ श्रावणवाट हालसम्म १४२१ वटा व्यवसाय दर्ता भइसकेको छ ।

११. सवै क्षेत्रका व्यवसायहरुलाई करको दायरामा ल्याउने उद्देश्यका साथ लेखापरिक्षक, संचार क्षेत्र र कानून व्यवसायीहरुलाई चालु वर्षको लागि व्यवसाय दर्ताको लागि लाग्ने करमा शुल्क विषेश छुटको नितीगत व्यवस्था पश्चात लेखा परिक्षण व्यवसाय २४ र संचार सम्वन्धि २३ वटा व्यवसाय दर्ता भइसकेको छ ।

१२. राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोग र यस उपमहानगरपालिकाको सहलगानीमा संचालित Leaving noone behind through entrepreneur Development परियोजना अन्तर्गत कृषि तर्फ कागती खेती, कफी खेती, केरा खेती, अर्गानिक टनेल खेती, मेवा खेती, फुल खेतीका कार्यक्रम अन्तर्गत कुल २६५ जनालाई उद्यमशिलता तालीम पश्चात प्रयोगात्मक तालीम दिई उद्यम समूह दर्ता गरी व्यवसायिक रुपमा उद्यम शुरु गर्न प्रविधि सहयोगका कार्य अघि बढाइएको छ । त्यसैगरी सोही परियोजना अन्तर्गत विपन्न तथा एकल महिलालाई लक्षित गरी होमस्टे, मोबाइल मर्मत, सेनेटरी प्याड निर्माण, काष्ठकला, अटो मर्मत मेकानिक्स, फाइवर झोला निर्माण, एकीकृत इलेक्टिक, खाजा उद्यम तालीम कार्यक्रमहरु संचालन गरिएको जसबाट कुल १०० जना सहभागीहरुले उद्यमशिलता तालीम, सीपको तालीम पूरा गरी उद्यम समूह दर्ता र उद्यम शुरु गर्नको लागि प्रविधि सहयोगको कार्य अघि बढाइएको छ ।

१३. कृषि वस्तु उत्पादनको बजारीकरण तथा उपभोक्तालाई सुपथ मूल्यमा कृषि उपज उपलब्ध गराउन यसै बर्ष भित्र आधुनिक कृषि थोक बजारकेन्द्र स्थापनाका लागि प्रदेश मन्त्रालय मार्फत लागत अनुमान तयार भई टेण्डर आव्हानको चरणमा रहेको छ ।

१४. कृषि उपज उत्पादनलाई मूल्य श्रृंखला विकासमा जोड दिनका लागि फलफुल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजनासंग सम्झौता भई २ स्थानहरुमा कार्यक्रम संचालन गरिएको छ ।

१५. कृषि उत्पादन प्रवर्द्धन अन्तर्गत बिज वृद्धि कार्यका लागि बीउ आलु उत्पादन कार्यक्रम, अनुदानमा तरकारी तथा खाद्यान्नको बीउ तथा मिनी किट वितरण कार्यक्रम संचालन गरिएको छ ।

१६. कृषि इन्जिनियरिङ्ग अन्तर्गत पावर टिलर, हाते ट्याक्टर, धान काट्ने मेशिन, घांस काट्ने मेशिन वितरण, साना सिंचाई, पोलिहाउस निर्माण जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१७. पशु सेवा अन्तर्गत नगरका चार वटा पशु सेवा केन्द्रहरुमार्फत पशु स्वास्थ्य सेवा प्रदान गरिंदै आइरहेको, निःशुल्क पशु कृत्रिम गर्भाधान सेवा, पशु बिमामा ५० प्रतिशत अनुदान कार्यक्रम संचालन गरिएको छ ।

१८. नगर क्षेत्र भित्रका कृषि भूमिको माटोको गुणस्तर परीक्षण तथा बाली विविधताका सन्दर्भमा विभिन्न ६ वटा स्थानहरुमा माटो परीक्षण शिविर सम्पन्न गरिएको छ र आवश्यक स्थानहरुमा कृषि चुन वितरण कार्य संचालन गरिएको छ ।

१९. नगरको कृषि क्षेत्रको तथ्यांक संकलन र आगामी वर्षको कृषि रणनीति तयारका लागि नगर कृषि प्रोफाइल तयारीका लागि अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको र स्थलगत तथ्यांक संकलनको कार्य सुभारम्भ भइसकेको छ ।

२०. नगर स्तरीय वृहत् कृषि मेला प्रदर्शनी र उत्कृष्ट कृषक (कृषि/ पशु) २ जना छनौट गरि नगद रु. १।१ लाखका दरले पुरष्कृत गरिएको छ ।

२१. युएनडीपी संगको सहकार्यमा नगरका विभिन्न वडाहरुमा ८५ वटा जैविक तरकारी टनेल हाउस निर्माण कार्य संचालन भइरहेको छ ।

२२. पशु सेवा तर्फको गोठ सुधार, भर्मी कम्पोष्ट, खोर सुधार, मिल्किङ्ग मेशिन वितरण, हिउंदे घांसको बिउ वितरण कार्यलाई निरन्तरता दिइएको छ ।

२३. संघिय सरकारबाट बिशेष महत्व दिई संचालनमा आएको प्रधानमन्त्री स्वरोजगार कार्यक्रम कार्यान्वयनका लागि रु.७५ लाखको खर्च गर्ने अख्तियारी प्राप्त भै सकेको हुंदा रोजगार सेवा केन्द्रमा बेरोजगार सूचीमा दर्ता भएका बेरोजगारहरुलाई लक्षित गरी रोजगारीका कार्यक्रमहरु संचालन गरी आषाढ मसान्त भित्र कार्यक्रम सम्पन्न गरिनेछ ।

२४. दक्षिण एशियाकै पहिलो मानव निर्मित सुरुङ्गको संरक्षण र सम्बर्द्धन गर्ने कार्यलाई निरन्तरता दिदै सुरुङ्ग परिसरमा सुरुङ्गका डिजाईनर बिग्रेडिएर कर्णेल डिल्लिजंग थापाको प्रतिमूर्ती स्थापनाको प्रकृया अन्तिम चरणमा पुगेको अवस्था छ ।

२५. सहकारी डिभिजन कार्यालयबाट यस उपमहानगरपालिका भित्रका २२८ वटा सहकारी संस्थाहरु हस्तान्तरण भई आएकोमा प्रदेशस्तरका ३ वटा सहकारी छन् भने ४ वटा संस्था एकीकरण भएका छन् । हाल उपमहानगरपालिकामा २२१ वटा सहकारी संस्थाहरु आवद्ध रहेको पाईन्छ । यस मध्येमा व्यवसाय दर्ता गर्ने र नियमित रुपमा प्रतिवेदन बुझाउने सहकारी संस्थाहरु १२२ वटा मात्र रहेका छन् ।

२६. सहकारीमा आवद्ध कम्प्यूटर जान्ने २५ जना कर्मचारीहरुलाई जिल्ला सहकारी संघको समन्वयमा कोपोमिस (COPOMIS) तालिम दिईएको छ भने नयां १७ वटा सहकारी संस्थाहरुलाई कोपोमिस पासवर्ड प्रदान गरिएको छ । हाल ६५ वटा सहकारी संस्थाहरुले कोपोपिमस सफटवेयर मार्फत रिपोटिङ्ग गरिरहेका छन् । ३१ वटा सहकारी संस्थाहरुको विनियम संशोधन गरिएको छ भने सहकारी संस्थाहरुको बार्षिक साधारण सभा र प्रतिवेदनलाई नियमानुसार व्यवस्थित बनाउदै लगिएको छ ।

२७. घ वर्गको इजाजत पत्र लिने फर्महरु ३०४ मध्ये २६७ वटा फर्महरुले इजाजत पत्र नविकरण गरेका छन् भने ९ वटा फर्महरुको नामसारी ठामसारी भएको छ ।

२८. जिल्ला समन्वय समिति मकवानपुरले मकवानपुर जिल्लाका प्रत्येक पालिकाहरुबाट तीन तीन वटा पर्यटकीय गन्तव्यहरुको नाम माग गरेकोमा यस उपमहानगरका सहिद स्मारक, चुरिया सुरुङ्ग र आर्ट भिलेज (गुम्बाडांडा, हर्नामाडी) लाई सिफारिस गरि पठाइएको छ । विश्व पर्यटन दिवस (सेप्टेम्बर २७) को अवसरमा सामाजिक संघ संस्था र निजी क्षेत्रहरु समेतको सहभागितामा उपमहानगरपालिकाका प्रमुख

पर्यटकीय गन्तव्यहरु (बस पार्क, बजार लगायत पर्यटकीय गन्तव्य) को विशेष सरसफाई कार्यक्रम सम्पन्न गरिएको छ ।

२९. नेपाल भ्रमण बर्ष २०२० को सन्दर्भमा होटल एशोसियसन समेतको सहकार्यमा वडाध्यक्षज्यूहरु र निजी क्षेत्रहरुको समेतको सहभागितामा नगर क्षेत्रका पर्यटकीय गन्तव्यहरु भुटन देवी, सहिद स्मारक, कुष्माण्ड सरोवर, चुरियामाई, जुरेथुम, मूर्ति बगैचा, राजदेवी, सालक र्पाक र लक्ष्मिनारायण मन्दिर भित्र निर्मित शिशमहलको स्थलगत अवलोकन गर्ने कार्य सम्पन्न भएको छ ।

३०. हेटौडा १० स्थित टिसिएन क्षेत्रमा टोनी हागन स्मृती पार्क निर्माणका लागि प्रकृया अगाडी बढाइएको छ ।

३१. धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण, विकास र प्रचार प्रसार लगानी गरी पर्यटन प्रबर्द्धन कार्यमा सहयोग पुऱ्याउनुका साथै ग्रामीण समुदायको आय आर्जन बृद्धिमा जोड दिइएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

३२. पुर्वाधार क्षेत्र तर्फको चालु आर्थिक वर्षको कुल वजेट ७६ करोड २७ लाख ७ हजारको ५ सय ५८ वटा योजना रहेकोमा हालसम्म २९ करोड ४० लाख ८८ हजार बराबरको ३ सय २५ वटा योजना सम्झौता भइसकेको छ । सम्झौता भएको योजना मध्ये सडक स्लाव ढलान तर्फ ६ किलोमिटर, विधालय पुर्वाधार तर्फ ३ वटा, खेल मैदान निर्माण तर्फ २ वटा, खानेपानी योजना तर्फ १ वटा, मन्दिर पुर्वाधार तर्फ १ वटा, पर्यटन पुर्वाधार तर्फ १ वटा, तटवन्धन तर्फ १ वटा र सुरक्षा पुर्वाधार (सि.सि.क्यामेरा जडान) तर्फ १ वटा समेत कूल ४ करोड २३ लाख ७९ हजार बराबरको जम्मा ७३ वटा योजना सम्पन्न भईसकेको छ ।

३३. बागमती प्रदेशको राजधानी रहेको यस हेटौडा उपमहानगरपालिका क्षेत्र भित्र प्रदेशस्तरीय भौतिक पूर्वाधारहरु निर्माणको लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट माग भई आए बमोजिम नगर क्षेत्रका २० स्थानका जग्गा क्षेत्र उपलव्ध गराउने निर्णय गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको छ ।

३४. दाहसंस्कारलाई व्यवस्थित र वातावरणमैत्री बनाउन हेटौंडा १० स्थित राप्ती नदी किनारमा Cremation Machine जडान गर्ने कार्य चालु आ.व. को अन्त्य सम्ममा सम्पन्न गर्नेगरी खरीद प्रक्रिया सम्पन्न भएको छ । प्रस्तावित बाइपास सडकको रेखाङकनमा स्पष्टता भएपश्चात् जडान कार्य अघि बढाइनेछ ।

३५. युवा तथा वालवालिकाहरुको शारीरिक तथा मानसिक विकासका लागि उपमहानगरपालिकाले विभिन्न खेलकुद क्रियाकलाप संचालन गर्न हेटौडा ८ को चन्द्रोदय मा.वि.को चौरमा प्रदेश सरकारसंगको सहकार्यमा निर्माण गर्न लागिएको प्याराफिट सहितको खेलकुद प्रशिक्षण केन्द्रको निर्माणको लागि टेण्डर प्रकृया मार्फत् पर्न आएका बोलपत्रदाताहरुको मूल्यांकनको कममा रहेको छ ।

३६. व्यवस्थित बस टर्मिनल भवन तथा बसपार्क निर्माण कार्यको लागि ९३ करोड ११ लाख ५६ हजार बराबरको बिस्तृत परियोजना प्रस्ताव तयार भईसकेको छ । जस मध्ये पहिलो चरण अन्तर्गत ५९ करोड ५७ लाख ५४ हजार रकम बराबरबाट दुई तला बेसमेण्ट पार्किङ्ग, बसपार्क संचालन तथा

व्यवस्थापन र व्यवसायिक प्रयोजनका लागि दुइ तला समेत गरी जम्मा ४ तलाको निर्माण कार्य संचालनका लागि बोलपत्र आब्हानको प्रक्रिया अगाडि बढाईएको छ ।

३७. हेटौंडा-४ स्थित बासुदेव सभागृह रहेको स्थानमा आधुनिक, समय सापेक्ष सुविधायुक्त सभागृह सहितको शहिद बासुदेव बहुउदेश्यीय व्यवसायिक कम्पलेक्स र भ्यूटावर निर्माणको लागि बिस्तृत परियोजना तयार भईरहेको अवस्था छ ।

३८. पुरानो बसपार्क क्षेत्र स्थित १० नं. वडा कार्यालय भवन रहेको स्थानमा आधुनिक सुविधायुक्त संरचना सहितको व्यवसायिक कम्पलेक्स भवन निर्माण गर्नका लागि बिस्तृत परियोजना तयार पार्ने कार्य भईरहेको छ ।

३९. हेटौंडा-२ कार्यालय परिसर पछाडिको खुल्ला मञ्च रहेको क्षेत्रमा करिव १५० सीट क्षमता भएको सभागृहका साथै कार्यालय परिसर भित्रको खुल्ला भाग व्यवस्थापन गर्ने गरी बिस्तृत परियोजना तयार पार्ने कार्य भईरहेको छ ।

४०. खेदकुद प्रबर्द्धन अन्तर्गत एडभेन्चर खेललाई प्रोत्साहन गर्न उपमहानगरपालिकाको १८ नं. वडा गुम्बाडांडा गोरक्ष ताल क्षेत्रमा १६ कि.मी लामो साईकल ट्र्याक निर्माणका लागि सम्झौताको क्रममा रहेको छ ।

४१. कर्रा करिडोर निर्माण आयोजनाको बिस्तृत परियोजना प्रस्ताव तयार भइसकेको र यस आर्थिक बर्षमा पहिलो चरणको निर्माण अन्तर्गत २ करोड बराबरको निर्माण कार्य अगाडि बढाउनका लागि बोलपत्र आब्हान भएको र आगामी बर्षहरुमा समेत निरन्तरता दिई कर्रा कोरिडोर सम्पन्न गरिनेछ ।

४२. जोखिम पूर्ण आवागमन गर्नु पर्ने बाध्यतालाई अन्त्य गर्न नगर क्षेत्रभित्र सञ्चालनमा रहेका जीर्ण काठेपूलहरुको विस्थापन गर्ने कार्य अन्तर्गत गत आर्थिक बर्षमा वडा नं. १८ को एउटा काठेपूल विस्थापन गरी आर सि सि पक्की पूल निर्माण गरिएको र यस कार्यलाई आगामी आर्थिक बर्षहरुमा समेत निरन्तरता दिई जीर्ण काठेपूलहरु पूर्णरुपमै विस्थापित गरिनेछ ।

४३. ६३ कि.मी लामो चक्रपथ क्रमशः निर्माण सम्पन्न गर्ने लक्ष अनुरुप उपमहानगरपालिकाले यस आ. ब. मा वडा नं. १५ र १६ खण्डमा २ करोड ४३ लाख ७५ हजार विनियोजन गरी बोलपत्र आब्हान भई मूल्यांकनको क्रममा रहेको छ । साथै वडा नं. १७ र १८ को सडक खण्ड निर्माणका लागि प्रदेश सरकारसंगको साझेदारीमा समपूरक अनुदान कार्यक्रम अन्तर्गत १ करोड ९९ लाख ९८ हजार बजेट विनियोजन गरी बोलपत्र आब्हानको सूचना प्रकाशित भईसकेको छ ।

४४. शहरी क्षेत्रको सडकको स्तरोन्नती गरी यातायात आवागमनलाई व्यवस्थित गर्ने कार्यक्रम अर्न्तगत प्रदेश सरकारसंगको साझेदारीमा समपूरक अनुदान कार्यक्रम अन्तर्गत १ करोड ७९ लाख ५२ हजार बजेट विनियोजन गरी बोलपत्र आब्हानको सूचना प्रकाशित भईसकेको अवस्था छ ।

४५. बागमती प्रदेश सरकारको सहयोगमा बाईपास निर्माण कार्य, रिंगरोड (१८ नं वडा), काठेपुल बिस्थापन १८ नं. वडा ३ वटा, लेवट-जम्बो सडक स्तरोन्नती, खानेपानी आयोजना ३ नं. वडा, गौरीटार सडक, चौघडा-मक्रान्चुली सडक, बौद्ध बाल उद्यान ६ नं. वडा, कर्रा करिडोर, मित्रनगर सडक स्तरोन्नती ४ नं. वडा, कमलडांडा सडक स्तरोन्नती ४ नं. वडा, नगर विकास रोड, मानस

चोक वन कार्यालय सडक, हात्तीगौडा-रमनटार चक्रपथ १२ नं. वडा, ११ र १२ नं. वडा जोड्ने पक्कीपुल, चौकीटोल-राप्तीपुल बाईपास सडक तटबन्धन लगायतका आयोजनाहरुका लागि बजेट विनियोजन भई निर्माणको प्रकृयामा रहेका छन् ।

४६. मानव बस्न अयोग्य वस्तीहरुबाट बस्ती स्थानानान्तरण गरी बस्ती विकास गर्नको लागि वडा नं. ८, १३, १५ लगायतका स्थानहरुको स्थलगत भ्रमण गरी जग्गा पहिचान गर्ने कार्य अगाडी बढिरहेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

४७. न्यायिक समिति अन्तर्गत चालु आ.व. को यस अवधिमा कार्यविधि ऐन बमोजिम दर्ता भएका मुद्धा संख्या २ र प्रक्रियामा रही जिम्मेवारी सरेका मुद्धा संख्या ७ गरी कुल मुद्धा ९ थान रहेको छ । जसमध्ये मिलापत्र २, मुद्धा फिर्ता २ र प्रक्रियामा रहेका ५ थान मुद्धा रहेका छन । त्यसैगरी मेलमिलापतर्फ यस अवधि बिचमा ११७ थान बिबाद दर्ता भएको र पुराना प्रक्रियामा रहेका २९ गरी कुल बिबाद संख्या १४६ रहेको छ । जसमध्ये मिलापत्र भएको ६५, मेलमिलाप हुन नसकेको १६ र प्रक्रियामा रहेको ६५ वटा विबादहरु रहेका छन । यस अवधि बिचमा स्वीकृत कार्यक्रम अनुसार न्यायिक समिति अन्तर्गत मेलमिलापकर्ताहरुको समिक्षा कार्यक्रम सम्पन्न भएको छ । न्यायिक डबली रेडियो कार्यक्रम पाक्षिक रुपमा निरन्तर संचालनमा रहेको छ भने डकुमेन्टी निर्माणको कार्य अघि बढाइएको छ । ब्रोसर छपाइ र डिजिटल अभिलेखीकरणका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ । इजलास कक्षको पूर्वाधार सुधार कार्य सम्पन्न गरिएको छ ।

४८. कानून मस्यौदा समितिले सिफारिस गरेको कार्यविधि, नीति, कार्ययोजना र नियमावली कार्यपालिकाबाछ स्वीकृत भएको छ ।

४९. उपभोग्य खाद्यबस्तुको गुणस्तर तथा मिसावटको अवस्था परीक्षण गरी नियमन गर्न उपमहानगरपालिका कार्यालय हाताभित्र खाद्य परीक्षण प्रयोगशाला सञ्चालनमा आएकोमा चालु आ.व. को माघ मसान्तसम्ममा विभिन्न ३१ वटा नमूना परीक्षण गरिएको छ । यस अवधि बीचमा बिभिन्न खुल्ला दूध, प्रशोधित पिउने पानी, कलको पानी, आइसक्रिम, डेरी घिउ, तेल, मह, फ्रेस मिल्क जस्ता खाद्य बस्तुको नमूना परीक्षण गरिएको छ । संगठित उत्पादकहरुबाट उत्पादित सबै खाद्य तथा पेय बस्तु तोकिएको मापदण्ड भित्र रहेको पाइएको छ ।

५०. सुशासन तर्फ यस उपमहानगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा सुसूचित गराउन चालु आ.व. मा २ पटक पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको छ । चालु आ.ब.२०७६/७७ मा १० वटा एफ. एम. रेडियो मार्फत आलोपालो गरी साप्ताहिक रुपमा “हाम्रो हेटौडा, हाम्रो पहिचान” रेडियो कार्यक्रम प्रशारण हुदै आएको छ । साप्ताहिक रुपमा ५ वटा स्थानीय दैनिक पत्रिकाबाट “नगर दर्पण स्तम्भ” प्रकाशन भईरहेको छ । साथै पाक्षिक रुपमा नगर गतिविधिहरु स्थानिय टेलिभिजन मार्फत प्रशारण गर्न प्रकृया अगाडि बढाइएको छ ।

५१. सूचना प्रविधि तर्फ यस उपमहानगरपालिकाले अन्य नगरपालिका र गाउपालिकाहरुसंग सूचना आदान प्रदान गर्न सभा हलमा भिडियो कन्फ्रेस डिभाईस (टिभि, क्यामरा, कम्प्युटर) जडान गरिएको छ । त्यस्तैगरीKOICA संगको सहकार्यमा स्मार्ट सिटिको मेरुदण्डको रुपमा प्रयोग गर्न सबै वडाहरुमा ६ र १२

कोर अप्टीकल फाईबर जडान प्रक्रिया सुरु भईसकेको छ । बजार क्षेत्रको सुरक्षाको लागि मुख्य बजारको १० किलोमिटर क्षेत्रमा सिसिटिभिको जडान प्रक्रिया अगाडि बढाइएको छ । कार्यालयद्धारा सञ्चालनमा आएका वेव साइट एवंम् विभिन्न सामाजिक सञ्जालका पेजहरु नियमित रुपमा अपडेट रहेको , घट्ना दर्ता र सामाजिक सुरक्षा भक्ता अनलाईन मार्फत संञ्चालन भईरहेको छ। नगरको GIS Base map तयारको लागि सर्वे भईरहेको छ ।

५२. राष्टिय अन्तर्राष्टिय संघसंस्थासंग सम्बन्ध विकास गर्ने र मैत्री सम्बन्ध बिस्तार गर्ने कार्यलाई निरन्तरता सहित सिटिनेट (CITYNET) को सदस्यता नविकरण गरिएको छ ।

५३. यस नगरीलाई फुलैफुलको शहरको रुपमा विकास गर्ने योजना अनुरुप चालु आ.व. को यस अवधि बिचमा मुख्य बजार क्षेत्रको कान्तिलोकपथ, पारीजातपथ, आंखा अस्पताल रोड, गणेश मन्दिर अगाडी, मकवानपुर क्याम्पस रोड, नगरपालिका रोड, देबी पथ, बसपार्क क्षेत्र, माछा प्लान, मृगस्थली रोड, जि.प्र.का. आइलैण्ड, मानस चौकबाट पच्चिमतर्फका सडकहरुमा करीव ५ हजार विभिन्न जातका फूल विरुवा लगाउने कार्य सम्पन्न भएको छ ।

५४. जैविक फोहोर व्यवस्थापन गर्न बैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम मार्फत निजी क्षेत्रसंगको सहकार्यमा नगरक्षेत्रको कुहिने फोहोरलाई पूर्ण प्रयोगमा ल्याई ग्यास उत्पादन गर्नको लागि स्थान छनौंटको क्रममा रहेको छ । विपद जोखिम न्युनीकरण सम्बन्धी रणनीति र कार्ययोजना तयार भई स्वीकृत भैसकेको र सो अनुसार कार्य योजना तयारीको क्रम अघि बढाइएको छ ।

५५. नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण विभागबाट निर्माण हुने बायु गुणस्तर मापन केन्द्र स्थापनाका लागि हेटौंडा ४ स्थित वडा कार्यालय परिसर पछाडीको जग्गामा स्थान छनौंट गरिएको छ ।

५६. सञ्चारकर्मी पत्रकारहरुलाई आइपर्नसक्ने आकस्मिक स्वास्थ्य समस्याको उपचारलाई सहयोग गर्न पत्रकार उपचार कोषमा रु.४ लाख रकम उपलब्ध गराइएको छ ।

५७. कार्यालय संचालन तथा सेवा प्रवाह तर्फ २०७६ माघ मसान्तसम्मलाई हेर्दा नेपाली नागरिकता प्रमाणपत्रका लागि सिफारिस २ हजार ७ सय २, नागरिकता प्रतिलिपि सिफारिस १ हजार ३ सय ३६, चारकिल्ला प्रमाणित सिफारिस ४ हजार ४ सय ५०, नाता प्रमाणीत सिफारिस ५ सय ७०, खानेपानी धारा जडान सिफारीस ५ सय ४५, बिजुली जडान सिफारिस ९ सय ४३, बस्तुगत विवरण प्रमाणित सिफारिस ५ हजार ३ सय ७१, जग्गा नामसारी सिफारिस १ सय ३५, नाता सम्बन्ध प्रमाणित ६ सय ९३, जन्म मिति प्रमाणीत २ सय ४२ र अन्य सिफारीसहरु १३ हजार ७ सय उपलब्ध गराइएको छ ।

५८. त्यसैगरी भवन ईजाजत तर्फ हाल सम्म भवन निर्माणका लागि नक्सा पेश ७ सय ४०, नक्सा पास ७ सय २१, नक्सा म्याद थप २३, नक्सा नामसारी ६७, रहेको छभने ब्यक्तिगत घटना दर्ता तर्फ जन्म दर्ता १ हजार ५ सय ६७, मृत्यु दर्ता ४ सय ९३, बिबाह दर्ता १ हजार ८७, सम्बन्ध बिच्छेद २९ र बसांई सराई ५ सय २७ रहेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

५९. सामाजिक समस्याको रुपमा रहेको बालबिबाह अन्त्यका लागि बालबिबाह उन्मुलन कार्ययोजना २०७६-०७८ र लैगिंक हिंसा न्युनीकरणका लागि रणनैतिक योजना निर्माण भई सो अनुरुप कार्यक्रम अघि बढाइएको छ । चालु आ.व. भित्रै बालबिबाहको समस्या बढी देखिएका नगरका १२,१३,१४ र १५

वडाहरुमा सघन रुपमा बालबिबाह न्यूनीकरणका लागि साझेदार संस्थाहरुको समन्वयमा एकीकृत कार्यक्रमहरु संचालन गरिनेछ । निकृष्ट बालश्रम मुक्त क्षेत्र घोषणाको अनुगमन कार्य स्थानीय सरोकारवालाहरुको सहभागितामा निरन्तरता दिइएको छ ।

६०. उपमहानगरपालिकाका सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्धेश्यले स्वास्थ्य संस्था नभएका वडाहरु २, ४, ५, १०, १२, १६ र १९ नं. मा चालु आ.व. मा जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य संस्था स्थापना एवं स्वास्थ्य सेवा सुचारुको क्रम अगाडी बढाइएको छ ।

६१. सहयोगापेक्षी सडक मानव मुक्त मकवानपुर घोषणालाई आवश्यक समन्वय र सहयोग गरिएको छ । मानव सेवा आश्रमलाई गत बिगतका बर्षहरुदेखि उपलब्ध गराउदै आएको घरभाडा रकम चालु आ.व. मा पनि निरन्तरता दिइएको छ । साथै बाल सुधार गृह संचालनका लागि पनि आवश्यक सहयोग उपलब्ध गराइएको छ ।

६२. हालसम्म १२१ जना अपाङहरुलाई अपाङ परिचयपत्र वितरण गरिसकेको र आगामी दिनमा सबै वडाहरुमा घुम्ति शिविर संचालन गरी अपाङता भएका ब्यक्तिहरुलाई अपाङ परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको छ ।

६३. चालु आ.व. को स्वीकृत वडा तथा नगरस्तरीय सामाजिक विकास तर्फका कार्यक्रम अन्तर्गत कूल ११४ वटा योजना सम्झौता भई ९० वटा योजना सम्पन्न भएको र २४ वटा चालु अवस्थामा छन । सम्पन्न योजना मध्ये २१ वटा सीपमूलक तालीम कार्यक्रमबाट ७२५ जनाले विभिन्न विषयका सीपमूलक तालीम प्राप्त गरेका छन् । क्षमता विकास तथा नेतृत्व विकास संग सम्बन्धित तालीम कार्यक्रम ३० वटा सम्पन्न भएका छन । अन्य कार्यक्रमहरुमा लोक सेवा आयोग तयारी कक्षा, जेष्ठ नागरिक सम्मान, स्वास्थ्य शिवीर, दिवसीय कार्यक्रमहरु, खेलकूदका कार्यक्रम, संस्कृति प्रवर्धन कार्यक्रम, भाषा प्रशिक्षण कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन ।

६४. स्वीट्रल्याण्ड सरकार र नेपाल सरकार बीचको साझेदारी सम्झौता बमोजिम श्रम रोजगार तथा गरवीी निवारण मन्त्रालय र स्थानीय तहहरुको आयोजनामा संचालन हुने सुरक्षित आप्रवासन कार्यक्रम ( सामी तेश्रो चरण) अन्तर्गत यस जिल्लाका ४ स्थानीय तहमा स्वीकृत कार्यक्रम संचालन गर्न साझा रुपमा स्थानीय सेवा प्रदायक संस्था छनौंट गर्ने कार्य सम्पन्न भई सम्झौता समेत सम्पन्न भएर कार्यक्रम संचालन अघि बढेको अवस्था छ ।

६५. सामाजिक रुपान्तरणमा युवा परिचालनलाई प्रभावकारी बनाउन र बिकृति, बिसंगतिमुक्त समाजको निर्माणमा युवाहरुको भूमिकालाई संगठित र सशक्त बनाउन एक वडा एक युवा क्लवको अवधारणा बमोजिम १६ देखि २४ बर्ष उमेर बिचका युवाहरु समेटी वडास्तरीय युवा भेला आयोजनाका माध्यमबाट युवा अनुशिक्षण र अभिमुखीकरण आयोजना गरी वडा स्तरीय युवा क्लव गठन गर्ने कार्य अघि बढाइएको छ । १३ वटा वडामा युवा क्लव गठन गरिएको र अन्य वडाहरुमा गठनको क्रममा रहेको छ । युवा प्रतिभा खोजी कार्यक्रम सम्पन्न भएको छ । चालु आ.व. भित्रै एक युवा क्लव एक उद्यम कार्यक्रम, बृहत नगर युवा भेला, नमूना युवा संसद कार्यक्रम सञ्चालन गर्नेगरी आवश्यक कार्य अघि बढाइएको छ ।

६६. बालबालिकामा लगानी ल्यांउछ सुनौलो बिहानी भन्ने मान्यतालाई आत्मसात् गर्दै यस उपमहानगरपालिकालाई बालमैत्री उपमहानगरपालिका घोषणा गर्ने लक्ष्य अनुसार सरोकारवालाहरुको नगरस्तरीय अनुशिक्षण कार्यक्रम सम्पन्न भएको र सबै सरोकारवालाहरुको सहयोग र समन्वय तथा यस उपमहानगरपालिकाको नेतृत्वमा आगामी माघ मसान्तभित्र बालमैत्री नगर घोषणा गर्ने सामुहिक प्रतिबद्धता व्यक्त भएको सन्दर्भमा नगर कार्यपालिकाबाट बालमैत्री स्थानीय शासन अवलम्बन तथा

घोषणाका लागि प्रकृयागत नतिजामुखि कार्ययोजना स्वीकृत भई कार्यान्वयन प्रक्रिया अघि बढेको र सोही योजना अनुरुपका क्रियाकलापहरु संचालन गर्न आवश्यक पर्ने बजेट व्यवस्थाका लागि चालु आ.व. मा अन्य विभिन्न शीर्षकहरुमा विनियोजित बजेट शीर्षकबाट रकमान्तर गरी कार्यक्रम संचालन गर्नेगरी अघि बढाइएको छ ।

६७. स्थानीय विकासको प्रक्रियामा योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका चरणहरुमा नागरिक सहभागितालाई प्रवर्धन गर्न संस्थागत रुपमा अघि बढाइएको टोल विकास संस्था गठन, परिचालन र क्षमता विकासका कार्यहरु अघि बढाइएको छ । उपमहानगरपालिका क्षेत्रभित्र ३२३ वटा टोल विकास संस्थाहरु दर्ता भई क्रियाशील भएको र ४५ वटा टोल संस्था दर्ताको प्रक्रियामा रहेका छन । नगर तथा वडा स्तरीय समन्वय समितिहरुको संस्थागत क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिएका छन ।

६८. स्वस्थ्य समाज निर्माणका लागि एक वडा एक जिम क्लवको अवधारणा बमोजिम चालु आ.व. मा वडा नं. ९ र ५ मा जिम क्लवका लागि आवश्यक सहयोग गरिएको छ । खेलमैदान, पूर्वाधार सुधार, खेल सामग्री वितरण, प्रतियोगिता आयोजनामा सहकार्य गरिएको छ । स्थानीय तह स्तरको राष्ट्रपति रनिङ शिल्ड खेल प्रतियोगिता सम्पन्न गरिएको छ । साग गेममा पदक बिजेता विभिन्न विधाका १४ खेलाडीहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको छ ।

६९. गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि रु.३० लाख रकम उपलब्ध गराइएको छ भने हेटौडा-४ स्थित कभर्ड हल तेस्रो चरणको निर्माण प्रकृया अगाडी बढाई तेक्वाण्डो संघलाई पनि कभर्ड हल निर्माणको लागि सम्झौता सम्पन्न भईसकेको छ ।

७०. यस उपमहानगरपालिका समेतको समन्वय र सहयोगमा हेटौडा अस्पतालबाट मिर्गौला डाइलाइसिस सेवा संचालनको अन्तिम तयारीमा रहेको र चालु आ.व. को अन्त्यसम्ममा सेवा सञ्चालनमा आइसक्ने अवस्थामा पुगेको छ । सेवा संचालनका लागि आवश्यक तयारी गर्न कार्यालयको तर्फबाट एक जना जनशक्ति उपलब्ध गराइएको छ ।

७१. उपमहानगरपालिकाबाट कार्यविधि स्वीकृत भई उपमहानगरपालिकाको क्षेत्रभित्र संचालनमा रहेका निजी तथा संस्थागत स्वास्थ्य संस्थाहरुको व्यवसाय दर्ता, सेवा संचालन अनुमति, नविकरणको कार्य प्रारम्भ भएको छ ।

७२. नगरक्षेत्र भित्रका अति बिपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य विमाको लागि कार्यविधि स्वीकृत भई सुचना प्रकाशन र वार्ड कार्यालय मार्फत निवेदन संकलन गर्ने कार्य भई रहेको र चालु आ.व. मा आर्थिक रुपले विपन्न समुदायका ५०० परिवारको स्वास्थ्य विमाको कार्यक्रम सम्पन्न गरिनेछ । भान्सा नै औषधालय अभियान अन्तर्गत स्वस्थ्य समुदाय निर्माणका लागि नगर स्तरीय अभियन्ताका लागि प्रशिक्षक प्रशिक्षण तालीम सम्पन्न भई वडा स्तरमा अभियानहरु शुरु गरिएको छ ।

७३. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको भवन निर्माण कार्य अघिल्लो आ.व. मा शुरु गरिएकोमा चालु आ.व. भित्रै वडा नं.१, १२, १४ र १९ नं. वडामा निर्माणाधीन भवनको निर्माण कार्य सम्पन्न गर्नेगरी र वडा नं. १६ र १८ मा नयां भवन निर्माणको प्रक्रिया अघि बढाइएको छ ।

७४. हेटौडा-६ मा १५ शैयाको सिद्धस्थली ग्रामीण सामुदायिक अस्पताल निर्माणका लागि प्रकृया अगाडी बढाइएको छ ।

७५. महिलाहरुको स्तन र पाठेघरको क्यान्सर परिक्षण एवम् अन्य सेवा प्रदान गर्ने कार्यका लागि नेपाल नर्सिंग संघ मकवानपुर शाखासंग सम्झौताको चरणमा रहेको छ ।

७६. यस उपमहानगरपालिका र प्रदेश सरकारको लागत सहभागितामा हिंसापिडित महिलाहरुको लागि अल्पकालीन आश्रयस्थलको भवन निर्माण कार्यका लागि जग्गा खोजी कार्य भैरहेको र आवश्यक डिजाइन इष्टिमेटको कार्य सम्पन्न भैसकेको हुंदा चालु आ.व. भित्रै भवन निर्माण कार्य अघि बढाउने तयारी गरिएको छ ।

७७. जनताको सुखदुखमा स्थानीय सरकार घरदैलोमा पुगेको छ । सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको ७ दिन भित्र स्वास्थ्य चेकजांच (PNC) सहित पोषणयुक्त कोशेली उपलब्ध गराउने उद्धेश्यले स्वास्थ्य चेकजांच र पोषण कोशेली तथा स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउन जादा उपलब्ध गराउदै आएको यातायात खर्च रकम सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिदै साविक नगर सभाबाट स्वीकृत बजेटमा रकमान्तर गरी थप बजेटको व्यवस्था सहित कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७८. सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिदै चालू आर्थिक बर्षका लागि खरिद प्रकया अगाडी बढाइएको छ ।

७९. विभिन्न किसिमका दीर्घरोगबाट थलिएर बसेका बिरामीहरुलाई नियमित रुपमा घरदैलोमा गई स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने कार्यक्रम प्यालिएटिभ केयर संचालन गर्न आबश्यक जनशक्तिको क्षमता विकास लगायतका कार्यका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग सम्भौता गरी कार्य प्रकृया अघि बढाइएको छ ।

८०. विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना हुन अभिप्रेरीत गर्ने उद्धेश्यका साथ गत बर्षमा उपलब्ध गराउदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिदै यस बर्ष १० वटा विद्यालयमा दिवा खाजा वापतको रकम उपलब्ध गराउन प्रकृया अगाडी बढाइएको छ । साथै विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितताका लागी नगरको दुर्गम क्षेत्रका शिक्षकहरुलाई थप प्रोत्साहन सुविधा र वालविकास सहयोगी कार्यकर्तालाई प्रोत्साहन सुविधा कार्यक्रम यथावत रहेको छ । त्यसैगरी विद्यालयमा स्वच्छ खानेपानी सुविधाका लागि युरोगार्ड जडान, विज्ञान प्रयोगशाला निर्माण, सूचना प्रविधि सहितको नमूना विद्यालय कार्यक्रमका लागि प्रस्ताव माग गर्न सूचना प्रकाशन प्रकृया अगाडी बढाइएको छ ।

८१. बालविकास देखि कक्षा १२ सम्म अध्यापन गराउने शिक्षक र उत्कृष्ट विद्यालयलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न, स्थानीय पाठ्यक्रम निर्माणका लागि समिति गठन र कक्षा ८ को नगरस्तरीय बार्षिक परिक्षा संचालनका लागि सम्पूर्ण तयारी पुरा भैसकेको छ ।

८२. २ वटा नमूना विद्यालय निर्माणका लागि संघिय सरकारबाट ३ करोड रकम प्राप्त भएकोमा श्री चन्द्रोदय मा.वि., हेटौडा ८ संग सम्भौता भै कार्यप्रारम्भ भैसकेको र श्री आधुनिक मा.वि., हेटौडा ४ संग सम्भौता प्रकृया अगाडी बढाइसकेको अवस्था छ । साथै हेटौडा-१९ स्थित श्री निर्मल मा.वि. मा आवासीय छात्रावास निर्माणका लागि प्रथम चरणको कार्यसम्पन्न भैसकेको अवस्था छ ।

८३. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्युतीय हाजिरी जडान, सिसि क्यामेरा जडान, कम्प्यूटर हस्तान्तरणका साथै वडास्तरीय बजेटबाट हेटौडा १८ स्थित श्री ज्योती मा.वि. लाई बस खरिदका लागि ७ लाख अनुदान रकम उपलब्ध गराइएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष चालू आर्थिक बर्षको २०७६ माघ मसान्तसम्मको आर्थिक प्रगती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८४. गत बर्ष को २०७६ आषाढ १२ गते सम्पन्न नगर सभाबाट आ.ब. २०७६/०७७ का लागि कूल बजेट १ अर्ब ८१ करोड १८ लाख रुपैया बराबरको आय व्यय विवरण स्वीकृत भएकोमा चालू आ.ब. को माघ मसान्तसम्मको अवधिमा आय तर्फ संघिय सरकार समानीकरण तथा सशर्त अनुदान तर्फ ६६ करोड ७३ लाख ३९ हजार अर्थात ७८.०१ प्रतिशत, प्रदेश सरकार समानीकरण र सशर्त तर्फ ४३ लाख १४ हजार अर्थात ५.१७ प्रतिशत, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बांडफांड तर्फ १७ करोड ८० लाख ५३ हजार अर्थात ३१.१६ प्रतिशत, आन्तरिक स्रोत कर, राजश्व र शुल्क तर्फ १२ करोड २१ लाख ३१ हजार अर्थात ६०.६१ प्रतिशत र गत आर्थिक बर्षमा खर्च नभई चालू आर्थिक बर्षका लागि जिम्मेवारी सरेको रकम समेत कूल १ अर्ब ५८ करोड ७० लाख अर्थात ८७.५९ प्रतिशत आम्दानी गर्न सफल भएको ब्यहोरा अवगत गराउन चाहन्छु ।

८५. त्यसै गरी खर्च तर्फ चालू खर्च विविध कार्यक्रम तथा कार्यालय संचालनका लागि ९३ करोड ३४ लाख ३६ हजार बजेट विनियोजन भएकोमा २०७६ माघ मसान्तसम्मको अवधिमा ४२.९६ प्रतिशत अर्थात ४० करोड १० लाख ४५ हजार र पूंजिगत खर्च तर्फ ८७ करोड ८३ लाख ६४ हजार बजेट विनियोजन भएकोमा यस अवधिमा १६.८४ प्रतिशत अर्थात १४ करोड ७९ लाख १६ हजार समेत कुल ३०.३० प्रतिशत अर्थात ५४ करोड ८९ लाख ६१ हजार रकम खर्च भैसकेको अवस्था छ । यस अवधिमा अधिकांश वडास्तरीय योजनाहरु सम्झौता भई कार्य संचालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुंदा पूंजिगत खर्चमा कमी देखिएकोमा असार मसान्तसम्मको अवधिमा यसमा उल्लेखनीय प्रगती हुने अपेक्षा लिएकी छु ।

८६. अर्को तर्फ माघ मसान्तसम्मको अवधिमा अन्तर सरकारी अख्तियारी तर्फ राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग कार्यक्रमको १५.२९ प्रतिशत अर्थात २ लाख ३१ हजार, सामाजिक सुरक्षा कार्यक्रम तर्फ ३८.८७ प्रतिशत अर्थात ११ करोड १० लाख ४९ हजार र गरीबसंग बिश्वेश्वर कार्यक्रम तर्फ २१.२१ प्रतिशत अर्थात १ लाख ५ हजार खर्च भैसकेको अवस्था छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

८७. गत २०७६ आषाढ १२ गते सम्पन्न नगर सभा पश्चात संघिय सरकारबाट स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा संचालन खर्च, सामुदायिक विद्यालयका छात्राहरुलाई सेनेटरी प्याड वितरण, गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण, प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रदेश सरकारबाट समपुरक आयोजनाका लागि प्राप्त खर्च गर्ने अख्तियारी एवम गत बर्षको क्रमागत आयोजनाहरुको भुक्तानीका साथै समायोजन भै आउनु भएका कर्मचारीहरुका लागि नपुग हुने तलव भत्ताका लागि आन्तरिक स्रोत मौज्दात रकमबाट खर्च ब्यहोर्ने गरी कुल बजेट १ अर्ब ८१ करोड १८ लाख बाट २ अर्ब ८ करोड ५४ लाख ४१ हजार हुने गरी प्रस्ताव पेश गरेकी छु ।

८८. त्यसैगरी अन्तरसरकारी अख्तियारी संघिय सरकार तर्फ गरीबसंग बिश्वेश्वर कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, राष्ट्रिय परिचय पत्र तथा पंजिकरण कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, फलफुल तथा तरकारी मुल्य श्रृंखला विकास आयोजना समेतको खर्च गर्न प्राप्त अख्तियारी ३१ करोड ५९ लाख ४० हजार, प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट बजारक्षेत्रमा सिसि क्यामेरा जडान, इजलास कक्ष निर्माण र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम समेतको जम्मा ४ करोड १२ लाख ५५ हजार, जिल्ला समन्वय समिति मकवानपुरसंगको साझेदारीमा हेटौडा-१३ अधुरो सामुदायिक भवन निर्माण, हेटौडा-१४ बनेलधाप कालोपानी क्षेत्र खानेपानी व्यवस्थापन र हेटौडा-८ राजपानी सभा हल निर्माण कार्य समेतको जम्मा ३ करोड ५ लाख ९९ हजार समेत कूल बजेट २ अर्ब ४७ करोड ३२ लाख ३५ हजार स्वीकृतीका लागि प्रस्ताव पेश गरेकी छु ।

**नगर सभाका अध्यक्ष महोदय,**

८९. आर्थिक बर्ष २०७६।०७७ को विनियोजन सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको संशोधित बिधेयक, २०७६ तथा अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको संशोधित विधेयक, २०७६ यस सम्मानित सभामा पेश गरेकी छु ।

९०. चालू आर्थिक बर्षको लागि साविक नगर सभाबाट पारित नीती तथा कार्यक्रम र संशोधित बजेटले नगरवासीका आबश्यकताहरु परिपूर्ती भई जीवनस्तरमा गुणात्मक सुधार हुंदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतीमा टेवा पुग्ने र बञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रबर्द्धन मार्फत् स्थानीय लोकतन्त्र सवलीकरण हुने विश्वास लिएकी छु ।

९१. हेटौडा उपमहानगरपालिकाको समग्र विकास प्रकृयामा संघिय सरकार र बागमती प्रदेश सरकारबाट भएको बजेटको ब्यवस्था एवम् दुवै सरकारका माननीय सांसद ज्यूहरुबाट प्राप्त सल्लाह सुझाव मार्ग निर्देशन एवम् स्रोत ब्यवस्थापनका लागि खेल्नु भएको सकारात्मक भूमीका प्रती हार्दिक आभार प्रकट गर्दछु । साथै चालू आर्थिक बर्षको बजेटको प्रभावकारी कार्यान्वयनमा नगरका सबै तह र तप्काबाट योगदान हुने बिश्वास लिएकी छु ।

अन्त्यमा चालू आर्थिक बर्षको माघ मसान्तसम्मको प्रगती समिक्षा सहितको संशोधित बजेट तर्जूमा गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, बिषयगत समितिका सदस्यहरु, वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवि, संचार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**